पोखरा महानगरपालिका

विद्यालयमा विद्यार्थी भर्नाको सहजीकरणका लागि तयार गरिएको

# कोभिड १९ टेक्निकल प्रोटोकोल

## पृष्ठभूमि

लक डाउनपछि विद्यालयमा भर्ना सुचारु गर्ने क्रममा विद्यालय क्षेत्रलाई कोरोना संक्रमणबाट सुरक्षित राख्नको लागि हालसम्म प्राप्त कोभिड १९ सम्बन्धी सुचनाका आधारमा यो प्रोटोकल तयार पारिएको छ ।

## उद्देश्य

यो प्रोटोकलले विद्यालयमा विद्यार्थी भर्नाको समयमा विद्यालयका कर्मचारी, शिक्षक, विद्यार्थी तथा अभिभावकलाई  कोभिड १९ को संभावित संक्रमणबाट बच्नका लागि अपनाउनुपर्ने सजगताहरुको लागि मार्गनिर्देशन गर्नेछ ।

## विद्यालयको लागि कोभिड १९ प्रोटोकलले समेटेका क्षेत्रहरु

- विद्यालयहरुको नियमित सरसफाइ
- विद्यालयमा कोभिड १९ संक्रमण व्यवस्थापन सम्बन्धी पूर्वतयारी
- प्रवेशद्वार (entry point) व्यवस्थापन (ज्वरो नाप्ने व्यवस्था, स्यानीटाइजर/हात धुने ठाउँको व्यवस्था, मास्कको अनिवार्य प्रयोग)
- विद्यालय हाताभित्र व्यक्तिगत सजगता तथा सामाजिक दुरी व्यवस्थापन
- विद्यालयमा कार्यरत कर्मचारी, शिक्षक एवम भर्ना भएका विद्यार्थीहरुका लागि **कोरोना विशेष बिमाको व्यवस्था**

०७७।३।१३

प्रमुख

शैक्षिक प्रशासन महाशाखा

## विद्यार्थी भर्नाका क्रममा विद्यालयहरुले अपनाउनुपर्ने कोभिड १९ सम्बन्धी प्रोटोकल

१. विद्यालयहरुमा नियमित सरसफाइ तथा डिसइन्फेक्सन

- मानिसहरुको नियमित सम्पर्कमा आइरहने स्थलहरुजस्तै विद्यालयको गेटको ह्यान्डल, झ्याल ढोकाका ह्यान्डल, रेलिङ, खानेपानीका धारा, शौचालय, कोरिडर वा प्रतिक्षालयमा रहेका फर्निचरहरु एवम विद्यालयले प्रयोग गर्ने सवारी साधनहरुको प्रत्येक पटक नियमित सरसफाइको व्यवस्था गरेको हुनुपर्नेछ ।
- शौचालयमा अनिवार्यरुपमा साबुनपानीले हातधुने ब्यवस्था गरेको हुनुपर्नेछ ।
- नियमित सरसफाइ कार्यमा संलग्न कर्मचारीहरुको व्यक्तिगत सुरक्षाका लागि अनिवार्यरुपमा सुरक्षा सामाग्री सेट (मास्क, पन्जा, गाउन, चश्मा र बुट) को व्यवस्था गरेको हुनुपर्नेछ ।

२. विद्यालयमा कोभिड १९ संक्रमण ब्यवस्थापन सम्बन्धी पूर्वतयारी

- कर्मचारी तथा शिक्षकहरुलाई व्यक्तिगत सुरक्षा, सरसफाइ र सामाजिक दूरी कायम गर्ने सम्बन्धी अभिमुखिकरण गरेको हुनुपर्नेछ ।
- विद्यालय हाताभित्र अनिवार्यरुपमा मास्क प्रयोग गर्ने व्यवस्था मिलाउनुपर्नेछ ।
- प्रवेश विन्दु एवम भर्ना कार्यमा संलग्न फाँट तथा बढी प्रयोगमा आउने स्थानहरुमा कार्यरत कर्मचारी तथा सहयोगीहरुका लागि स्यानीटाइजर तथा ग्लोब्सको व्यवस्था गरेको हुनुपर्नेछ ।
- भर्ना अवधिभर सामाजिक दुरी पालन गराउन सहयोगी कर्मचारी एवम स्वयमसेवकको व्यवस्था गरी अनिवार्यरुपमा सुरक्षाका मापदण्डहरु पालना गराएको हुनुपर्नेछ ।

३. प्रवेशद्धार (entry point) ब्यवस्थापन

- सुरक्षा गार्ड वा सहयोगी कर्मचारीलाई कोभिड १९ इन्ट्रीपोइन्ट व्यवस्थापन सम्बन्धी अभिमुखिकरण गरेको ।
- विद्यालय प्रवेश गर्ने व्यक्तिहरुका लागि अनिवार्यरुपमा स्यानीटाइजर वा हात धुने ब्यवस्था गरेको हुनुपर्नेछ ।
- विद्यालयमा ज्वरो नाप्ने थर्मोमिटर (IR Thermometer ) को अनिवार्य व्यवस्था गरेको र राम्ररी ज्वरो नाप्न सिकाएको हुनुपर्नेछ ।
- विद्यालय हातामा प्रवेश गर्ने हरेकको ज्वरो नाप्ने र व्यक्तिगत विवरण समय सहित रेकर्ड गर्ने ब्यवस्था मिलाउने ।
- भर्ना गर्न आएका अभिभावक, विद्यार्थी, शिक्षक वा कर्मचारीहरुमा ज्वरो तथा अन्य शंकास्पद लक्षणहरु देखिएमा नजिकको स्वास्थ्य संस्थामा प्रेषण गर्ने ।

प्रमुख
शिक्षक प्रशासन महाशाखा

## विद्यार्थी भर्नाका क्रममा विद्यालयहरुले अपनाउनुपर्ने कोभिड १९ सम्बन्धी प्रोटोकल

### १. विद्यालयहरुमा नियमित सरसफाइ तथा डिसइन्फेक्सन

- मानिसहरुको नियमित सम्पर्कमा आइरहने स्थलहरुजस्तै विद्यालयको गेटको ह्यान्डल, झ्याल ढोकाका ह्यान्डल, रेलिङ, खानेपानीका धारा, शौचालय, कोरिडर वा प्रतिक्षालयमा रहेका फर्निचरहरु एवम विद्यालयले प्रयोग गर्ने सवारी साधनहरुको प्रत्येक पटक नियमित सरसफाइको व्यवस्था गरेको हुनुपर्नेछ ।
- शौचालयमा अनिवार्यरुपमा साबुनपानीले हातधुने व्यवस्था गरेको हुनुपर्नेछ ।
- नियमित सरसफाइ कार्यमा संलग्न कर्मचारीहरुको व्यक्तिगत सुरक्षाका लागि अनिवार्यरुपमा सुरक्षा सामाग्री सेट (मास्क, पन्जा, गाउन, चश्मा र बुट) को व्यवस्था गरेको हुनुपर्नेछ ।

### २. विद्यालयमा कोभिड १९ संक्रमण व्यवस्थापन सम्बन्धी पूर्वतयारी

- कर्मचारी तथा शिक्षकहरुलाई व्यक्तिगत सुरक्षा, सरसफाइ र सामाजिक दूरी कायम गर्ने सम्बन्धी अभिमुखिकरण गरेको हुनुपर्नेछ ।
- विद्यालय हाताभित्र अनिवार्यरुपमा मास्क प्रयोग गर्ने व्यवस्था मिलाउनुपर्नेछ ।
- प्रवेश विन्दु एवम भर्ना कार्यमा संलग्न फाँट तथा बढी प्रयोगमा आउने स्थानहरुमा कार्यरत कर्मचारी तथा सहयोगीहरुका लागि स्यानीटाइजर तथा ग्लोब्सको व्यवस्था गरेको हुनुपर्नेछ ।
- भर्ना अवधिभर सामाजिक दुरी पालन गराउन सहयोगी कर्मचारी एवम स्वयमसेवकको व्यवस्था गरी अनिवार्यरुपमा सुरक्षाका मापदण्डहरु पालना गराएको हुनुपर्नेछ ।

### ३. प्रवेशद्वार (entry point) व्यवस्थापन

- सुरक्षा गार्ड वा सहयोगी कर्मचारीलाई कोभिड १९ इन्ट्रीपोइन्ट व्यवस्थापन सम्बन्धी अभिमुखिकरण गरेको ।
- विद्यालय प्रवेश गर्ने व्यक्तिहरुका लागि अनिवार्यरुपमा स्यानीटाइजर वा हात धुने व्यवस्था गरेको हुनुपर्नेछ ।
- विद्यालयमा ज्वरो नाप्ने थर्मोमिटर (IR Thermometer ) को अनिवार्य व्यवस्था गरेको र राम्ररी ज्वरो नाप्न सिकाएको हुनुपर्नेछ ।
- विद्यालय हातामा प्रवेश गर्ने हरेकको ज्वरो नाप्ने र व्यक्तिगत विवरण समय सहित रेकर्ड गर्ने व्यवस्था मिलाउने ।
- भर्ना गर्न आएका अभिभावक, विद्यार्थी, शिक्षक वा कर्मचारीहरुमा ज्वरो तथा अन्य शंकास्पद लक्षणहरु देखिएमा नजिकको स्वास्थ्य संस्थामा प्रेषण गर्ने ।

प्रमुख

शैक्षिक प्रशासन महाशाखा